## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०२/२९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरीएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु बाफिकोट गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **दुर्गबहादुर ओली** समेत ५ जना मु.नं (०८१-CR-००९९) फैसला मिति २०८२।११।११ | गैरकानुनी लाभ हानी पुऱ्याउने बद्नियतले कार्य गरी गराई भ्रष्टाचार गरेको । | **आयोगको माग दावी**<br>• **प्रतिवादीहरु दुर्गबहादुर ओली र दल बहादुर ओली**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरमा बिगो रु.२१,६३,८६५।४४ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी प्रतिवादीहरूबाट बिगो असूल उपर हुनका साथै निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय समेत गरी पाउन मागदावी समेतको माग दावी लिई आरोप पत्र दायर भएको।<br>• **प्रतिवादी लेखापाल महेन्द्र बहादुर शर्मा**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रु.२१,६३,८६५।४४ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो समेत भरि पाउन माग दावी लिई आरोप पत्र दायर भएको।<br>• **प्रतिवादीहरु मालिका बस्नेत निर्माण सेवा र उक्त कम्पनीका प्रोपाइटर शान्त बहादुर वस्नेत**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा २२ बमोजिमको मतियारको कसूरमा बिगो रु.२१,६३,८६५।४४ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा दफा ८ को उपदफा (१) र सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारहरुलाई हुने सजाय सरह सजाय गरी पाउन समेतको मागदाबी लिई आरोप पत्र दायर भएको। | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• पिपलकाँडा–मेलगौरी सडकको लम्बाई २९०० मिटर नभई ३७०० मिटर रहेको भन्ने तथ्य सम्बन्धित जिल्ला अदालत मार्फत भै आएको फिल्ड प्राविधिक नापजाँच मुचुल्का समेतबाट देखिएको,<br>• उक्त सडक खण्डमा सम्पन्न भएको काम र परिमाण भन्दा बढी मुल्यांकन गरी रकम भुक्तानी गरेको भन्ने आरोप दाबी बस्तुनिष्ट तबरबाट पुष्टि हुन सकेको नदेखिएको | • जिल्ला रुकुम पश्चिम, बाँफिकोट गाउँपालिका वडा नं.२ मा पिपलकाँडा मेलगौरी सडक खण्ड निर्माण योजनामा अनियमितता गरेकोले आवश्यक छानविन गरी कारवाही गरी पाऊँ भन्ने समेत व्यहोराको उजुरीबाट अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा संघीय सरकारबाट प्राप्त वित्तिय समानिकरण अन्तर्गतको बजेटवाट निर्माण कार्य गर्ने गरी पिपलकाँडा मेलगैरी सडक निर्माण योजनाको लागि लागत अनुमान भ्याट सहित रु.१,९९,८२,७९३।३७ (अक्षरेपि एक करोड उनान्सय लाख बयासी हजार सात सय त्रियानब्बे रुपैंया सैतीस पैसा मात्र) रहेको देखिन्छ। उक्त योजनाको निर्माण कार्यमा छनौट भएको मालिका बस्नेत निर्माण सेवाले मिति २०७९।१०।१२ बाट योजना सुरु गरी मिति २०८०।०१।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०७९।१०।१२ गते बाँफिकोट गाउँपालिका, रुकुम पश्चिमको तर्फवाट प्रमुख प्रशासकिय अधिकृत दुर्गबहादुर ओली र मालिका बस्नेत निर्माण सेवा छेडागाड, जाजरकोटको तर्फ उक्त कम्पनीका प्रोपाईटर शान्त बहादुर बस्नेतले दस्तखत गरी सम्झौता गरे गराएको देखिन्छ। उक्त निर्माण सेवासँग भएको सम्झौता अनुसारको कार्य सम्पन्न भएको भनी नापि किताव, कार्यसम्पन्न प्रतिवेदन समेतको तयारी गरी उक्त योजना निर्माण गरेवापतको रकम तीन आर्थिक वर्ष लगाएर कुल रु.७५,६७,१८४।– (अक्षरेपी पचहत्तर लाख सत्सठ्ठी हजार एक सय चौरासी) मालिका बस्नेत निर्माण सेवा छेडागाड जाजरकोटलाई बाँफिकोट गाँउपालिका रुकुम पश्चिमबाट भुक्तानी दिएको देखिदा प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतबाट खटि गएको सब-ईन्जिनियर हरि सिंहसमेतको टोलीले तयार गरेको स्थलगत मुचुल्का तथा प्राविधिक प्रतिवेदन अनुसार रु.२१,६३,८६५।४४ (एक्काइस लाख त्रिसठ्ठी हजार आठ सय पैसठ्ठी रुपैंया चौवालीस पैसा मात्र) को घटी काम भएको तथ्य प्रमाणित भई रहेको अवस्थामा रितपूर्वक तयारभएको स्थलगत मुचुल्का तथा प्राविधिक प्रतिवेदनलाई प्रमाणमा ग्रहण नगरी कम काम भएकोमा बढी काम भएको देखाई रु.२१,६३,८६५।४४ (अक्षरेपी एक्काइस लाख त्रिसठ्ठी हजार आठ सय पैसठ्ठी रुपैंया चौवालीस पैसा मात्र) बढी भुक्तानी दिने/लिने कार्य गरे/गराउने यि प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरी भएको फैसला त्रुटीपूर्ण रहेकोले बदरभागी छ।<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतबाट मिति २०८१।०२।०१ गते खटिई गएको सब-ईन्जिनियर सहितको टोलीले स्थलगत नापजाँच गर्दा बाँफिकोट गाउँपालिका वडा नं. २ स्थित पिपलकाँडा मेल गैरी सडक जिरो प्वाइन्ट प्रजित खत्रीको घरदेखि माथि शुरुवाती विन्दुदेखि अन्तिम विन्दु प्रेम जैसीको घरसम्म सडक नापजाँच गर्दा २९०० मिटर लम्बाई, चौडाई न्युनतम ३.६ मिटरदेखि अधिकतम ७.८ मिटर र उचाई १.३ मिटरदेखि ९.७ मिटर रहेको भन्ने उल्लेख गरेको पाईन्छ। उक्त स्थलगत मुचुल्का गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट खटिई गएका सवईन्जिनियर हरि सिंहले पेश गरेको प्राविधिक प्रतिवेदन अनुसार फिल्डमा २९०० मिटर मात्र बाटो निर्माण भएकोमा प्रतिवादीहरुले तयार गरेको नापी कितावमा ३७०० मिटर बाटो निर्माण भएको देखाई फिल्डमा भएको काम भन्दा बढी सडक निर्माण भएको भनी नापी किताव तयार पारी सोही अनुसार रू.२१,६३,८६५।४४ (अक्षरेपि एकाइस लाख त्रिसठ्ठी हजार आठ सय पैसठ्ठी रुपैयाँ चवालीस पैसा मात्र) काम भए भन्दा बढी रकम निर्माण व्यवसायीलाई भुक्तानी दिएको देखिन्छ। उक्त स्थलगत मुचुल्का तथा प्राविधिक प्रतिवेदन पेश गर्ने प्रतिवेदक सबईन्जिनियर हरि सिंहले अदालतमा उपस्थित भई आफ्नो प्रतिबेदन बेहोरालाई समर्थन गरी बकपत्र समेत गरेको देखिंदा जिरहको परिक्षणबाट गुज्रेको साक्षीको बकपत्रलाई प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गरी फैसला गर्नु पर्नेमा उक्त प्राविधिक मुचुल्का एवम् प्रतिवेदन समेतका वस्तुनिष्ठ प्रमाणलाई वेवास्ता गरी विशेष अदालतबाट मिति २०८२।१०।१२ मा उक्त आयोजनाको पुनः प्राविधिक मुचुल्का गराउने आदेश |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भएको र उक्त आदेश बमोजिम मिति २०८२।१०।२२ मा रुकुम जिल्ला **अदालतबाट डोर खटाई टोलीले शुरु बिन्दु र अन्तिम बिन्दुभन्दा फरक बिन्दुवाट नापजाँच गरी बढी काम भएको देखाई प्रतिवेदन पेश गरेको सोही प्रतिवेदनलाई मुख्य प्रमाण मानी प्रतिवादीहरुलाई आरोपदावीबाट सफाइ हुने ठहर गरी भएको फैसला प्रमाण ऐन २०३१ को दफा ५४ मा उल्लेखित "बुझ्नु पर्ने प्रमाण नबुझि वा बुझ्न नहुने प्रमाण बुझिएको कारणवाट निर्णयमा पर्न गएको रहेछ भने त्यस्तो फैसला वा आदेश बदर हुनेछ" भन्ने कानूनी सिद्धान्तको बिपरित भई बदर भागी रहेको छ।**<br>• अतः जिल्ला रुकुम पश्चिम, बाफिकोट गाउँपालिका वडा नं. २ मा पिपलकाँडा- मेलगौरी सडक खण्ड निर्माण योजनामा अनियमितता भएको, योजनाको ४० प्रतिशत मात्र काम गरेकोमा सम्पुर्ण काम गरेको भनि पुरै रकम भुक्तानी दिएको भन्ने उजुरी रहेको, उक्त योजनामा रू.२१,६३,८६५।४४ बराबरको कम काम भएको भन्ने स्थलगत मुचुल्का तथा प्राविधिक प्रतिवेदनबाट देखिएको, प्रतिवेदक सबईन्जिनियर हरि सिंहले अदालतमा उपस्थित भई आफ्नो प्रतिबेदन बेहोरालाई समर्थन गरी बकपत्र समेत गरेको देखिंदा उक्त प्रतिवेदनलाई प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम स्वीकार योग्य प्रमाणको रुपमा ग्रहण गर्नु पर्ने अवस्थाको देखिएको, भुक्तानी हुने समयमा पेश गरेको शुरु मूल्यांकन तथा नापी किताब अनुसारको कार्य फिल्डमा मेल भएको देखिँदैन। शुरुवाती विन्दु देखि अन्तिम बिन्दु सम्म नापजाँच गर्दा २९०० मि लम्बाई ३.६ मिटर देखि ७.८ मिटर सम्म र उचाई १.३ मि. देखि ९.७ मि. सम्म रहेको भन्ने फिल्ड प्रतिवेदनवाट देखिएको र यसरी कम काममा बढी भुक्तानी गरी रू.२१,६३,८६५।४४ नोक्सानी भएकोले उल्लिखित प्रमाण ग्रहण नगरी प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई हुने ठहर गरी विशेष अदालतवाट भएको फैसला त्रुटिपूर्ण देखिदा उक्त फैसला बदर गरी निज प्रतिवादीहरु दुर्ग बहादुर ओली, दल बहादुर ओली, महेन्द्र शर्मा तथा मालिका बस्नेत निर्माण सेवा र सो का प्रोप्राइटर शान्त बहादुर बस्नेतलाई आरोप मागदाबी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष अनुरोध छ। |